का.जि.प्र.का.द.नं. १००/०५९/६०
१६ साउन २०७९,
सोमबार
1 August 2022,
Monday
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक १७७ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

जनार्दन शर्मा

# २५ दिनपछि फेरि अर्थमन्त्री




**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १५ साउन ।

जनार्दन शर्माले पुन: अर्थमन्त्रालयको कार्यभार सम्हालेका छन् । आर्थिक बर्ष २०७९/०८० को बजेटमाम करको दर हेरफेर गर्न अनधिकृत व्यक्ति प्रवेश गराएको भनी उठेको प्रश्नबाट सफाइ पाएसँगै जनार्दन शर्मा पुन: अर्थमन्त्री भएका छन् ।

२९ असार २०७८ मा अर्थमन्त्री बनेका शर्मामाथि २०७९ जेठ १४ गते राती बजेट निर्माणका क्रममा अनधिकृत व्यक्तिलाई अर्थ मन्त्रालय लगेर करका दर हेरफेर गरेको आरोप लागेको थियो । उक्त आरोपबारे छानबिन गर्न प्रतिनिधिसभाले २२ असारमा संसदीय विशेष समिति गठन गऱ्यो ।

समिति बनेकै दिन शर्माले पदबाट राजीनामा दिएका थिए । १७ दिन लगाएर छानविन समितिले अध्ययन गर्दा 'करको दर हेरफेर गर्न अनधिकृत व्यक्ति प्रवेश भएको प्रमाण नभेटिएको' प्रतिवेदन दिएको छ । यो संगै शर्मा पुन: अर्थमन्त्रीमा फर्किएका हुन ।

प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले शर्मालाई आइतबार अर्थमन्त्री नियुक्त गरेकी हुन । नेताहरु नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको सिफारिस र प्रधानमन्त्री शेरबहादुर देउाव समेतको इच्छामा शर्मा फेरि अर्थमा फर्किएका हुन् ।

राजीनामा दिएको २५ दिनपछि अर्थमन्त्रीमा पुन: नियुक्त भएर कार्यभार सम्हालेपछि उनले फेरि जिम्मेवारी दिएकोमा प्रधानमन्त्री शेरबहादुर देउवा र पार्टी अक्ष्यक्ष पुष्पकमल दाहाल प्रचण्डसहितका नेताहरुलाई धन्यवाद दिए । उनले भने, 'मैले बजेट कार्यान्वयन गर्ने अवसर पाएको छु त्यसमा धन्यवाद व्यक्त गर्न चाहन्छु ।' विगतका कमजोरीलाई सुधार गरेर अगाडि बढ्ने उनको प्रतिवद्धता छ । 'विगतको बजेट कार्यन्वयनमा रहेका कमजोरी सुधारेर चालू आर्थिक वर्षको बजेट कार्यन्वयन गर्ने छु' शर्माले भनेका छन् ।

शर्माको अर्थमन्त्रीमा भएको पुन: नियुक्तिको विषयलाई लिएर प्रमुख विपक्षी नेकपा एमालेले धारणा तय गरिसकेको छैन । तर, सत्तारुढ दलका सांसदहरुले भने स्वभाविक रहेको प्रतिक्रिया दिएका छन् । संसदीय विशेष समितिले क्लिनचिट दिएकाले मन्त्री नियुक्ति स्वभाभिक भएको उनीहरुको तर्क छ।

'उहाँमाथि जुन आरोप – बाँकी पृष्ठ २ मा

सम्पत्ति विवरण समयमै बुझाऔं
जरिवानाबाट बचौं ।

- सार्वजनिक पद धारण गरेको व्यक्ति तथा राष्ट्रसेवकले व्यक्तिगत विवरण अद्यावधिक गरौं ।
- आर्थिक वर्ष शुरु भएको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण तोकिएको निकायमा पेश गरौं ।
- भ्रष्टाचारमा शुन्य सहनशीलता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## खोटाङ केन्द्रविन्दू बनाएर शक्तिशाली भूकम्प

**खोटाङ/मस-** खोटाङको साकेला गाउँपालिका-५ मात्तिमविर्ता केन्द्र भएर ६ मेग्नेच्युडको भूकम्प गएको छ । आइतबार बिहान ८:१३ मा गएको भूकम्पले एक घर भत्किएको छ । साथै ४७ वटा घर चर्किएका छन् ।

मानवीय क्षति नभएपनि भूकम्पको केन्द्रबिन्दु मात्तिमविर्तामा मात्र ४७ घर चर्किएको वडाध्यक्ष जीवन न्यौपानेले बताए ।

मात्तिमविर्ताका दलबहादुर राई, प्रधान राई र ज्ञानबहादुर खड्काको घरमा बस्नै नमिल्नेगरी चर्किएको छ । ५ वडा रहेको साकेला गाउँपालिकाका अन्य वडामा पनि भूकम्पको क्षतिको विवरण संकलन भइरहेको गाउँपालिका अध्यक्ष रबीप्रकाश राईले बताए ।

प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईका अनुसार मात्तिमविर्तामा २७ वटा घर चर्किएको छ । सोही भूकम्पका कारण हलेसी तुवाचुङ नगरपालिका-५ दुर्छिम चुमाखुका तेजबहादुर नेपालीको घर भत्किएको छ ।

हलेसी तुवाचुङ नगरपालिका-७ महादेवस्थानका गंगा राईको घर बस्नै नमिल्नेगरी चर्किएको वडाध्यक्ष कमल गिरीले बताए । हलेसी तुवाचुङ नगरपालिका-९ सल्लेका ध्रुव पौडेलको पुरानो घर चर्किएको छ । २०७२ सालको भूकम्पले चर्किएको सो घर आइतबारको भूकम्पले थप चर्किएको हो ।

# डोजरे विकासले उठिबास लागेको गाउँ



**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम, १५ साउन ।

गारा सिम्तारा रुकुमपश्चिमको आठबिसकोट नगरपालिका वडा नम्वर -७ को सबैभन्दा तल रहेको गाउँ हो । ठुलिभेरीको किनारामा रहेको यो गाउँ करिब ३५ घरपरिवारको वासस्थान हो । सडक खनेपछी आएको पहिरोका कारण अहिले यो गाउँउच्च जोखिममा परेको छ । पालिकाको केन्द्रसँग जोडिएको गाराको तल्लो भेगमा नदि छ भने माथिल्लो भेगमा घना जंगल छ ।

माथिल्लो भेगमा सल्ला, चिउरी, रैयाज र जडीबुटी छन । यिनै घना वन मासेर राडीज्युला - दाजे -खदीवारिङ्गे सडक निर्माणका लागि ठाउँ-ठाउँबाट सडक खनियो । स्थानीय नेताहरूको इच्छा अनुसारका सडक बने, त्यसले विपत् निम्त्यायो अहिले गाउँ नै उठिबास भयो । सडक खन्दा थुपारिएको माटो बगाएर माथिबाट पहिरोले चिरैचिरा पारेको छ । यो पहिरो आफैं आएको होइन, निम्त्याइएको हो । यहाँका केही घर परिवार सडक खनेपछि आएको पहिरोका कारण बिस्थापित भइसकेका छन् । अहिले उनिहरु अर्काको घरमा शरण लिन बाध्य छन् ।

गारावासीको जिविको सँग जोडिएको खेतियोग्य जमिन बगरमा परिणत भएको छ । डोजरे विकासले निम्त्याएको विनाशले यहाँका नागरिकको गाँसबास खोसिदियो । खेतमा लगाएको धान र मकै बाली पहिरोले सखाप बनायो । बर्सेनि मुलुकमा बाढीपहिरो बढ्नुको कारण मानवीय गतिविधि नै प्रमुख कारण रहेको छ । कतै वनजङ्गल फडानी त कतै डोजरे विकास लगायतका कार्यले वातावरण संरक्षण हुन नसक्दा विपत्का घटनाहरु बढ्दो क्रममा छन । वर्षायाममा सम्भावित बाढी, पहिरो र डुबानबाट पीडित नागरिकलाई राख्न छुट्टै सेल्टर स्थापना गर्न सुरक्षा निकायहरूले सुझाव दिएपनि अझैसम्म सरकारको ध्यान त्यसतर्फ जान सकेको छैन ।

सुन्दर गाउँ थियो । गारा सिम्तारा नदिको काखैमा अवस्थित यो गाउँ प्रकृतिको उपहार जस्तै देखिन्थ्यो । गाउँमा सडक नखनुन्जेलसम्म केही भएको थिएन । जब सडक गाउँमा पस्यो, सँगै खोला पनि वस्तीमा पस्यो । तलबाट नदिको – बाँकी पृष्ठ २ मा

## श्रमिक अस्पतालका लागि २० अर्ब रुपैयाँ र २५ विगाहा जमिन आवश्यक

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ साउन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गठन गरेको कार्यदलले श्रमिक अस्पताल निर्माणका लागि २० अर्ब रूपैयाँ र २५ विगाहा जमिन आवश्यक हुने प्रतिवेदन बुझाएको छ । तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठको कार्यकालमा गत फागुन ५ को मन्त्रिपरिषद् बैठकबाट श्रमिक अस्पताल स्थापनाको काम अघि बढाउने नीतिगत निर्णय भएको थियो ।

उक्त निर्णयपछि मन्त्रालयले सहसचिव दिपक काफ्लेको संयोजकत्वमा कार्यदल गठन गरेको थियो । कार्यदलले आइतबार श्रममन्त्री शेरबहादुर कुँवरलाई प्रतिवेदन बुझाएको छ ।

अध्ययन टोलीले देशका विभिन्न ठाउँमा श्रम अस्पताल निर्माणका लागि आवश्यक पर्ने स्रोत साधनको सम्भाव्यता अध्ययन गरेर तयार पारेको ३५ पेज लामो प्रतिवेदनमा श्रमिक अस्पतालको आवश्यकता, स्थापनाको उद्देश्य, औचित्य, नेपालमा अस्पताल निर्माणमा भएका प्रयास, कार्यादेश, स्रोत व्यवस्थापन, सम्भाव्यता र चुनौतीहरु उल्लेख छन् ।

कार्यदलले अस्पताल निमार्णका लागि विराटनगर, बारा र भैरहवामा स्थलगत छलफल, अध्ययन र अनुगमन समेत गरेको छ । नेपालमा श्रमिक अस्पतालको आवश्यकता महसुस गरी सोही आधारमा कार्यदलले अस्पताल निमार्णका लागि १३ वटा सुझावहरु दिएको छ ।

कार्यदलका अनुसार अस्पताल निमार्णका लागि करिब – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### अख्तियारले चासो राखेपछि जरिवाना : महानिर्देशक

**काठमाडौं/मस-** वैदेशिक रोजगार विभागका महानिर्देशक शेषनारायण पौडेलले गम्भीर अध्ययन र छानविनपछि विज्ञापन प्रकाशित नगर्ने म्यानपावर कम्पनीलाई ५० हजार रूपैयाँका दरले जरिवाना गरेको बताएका छन् ।

विभागले साउन ३ र ४ गतेको मितिमा विभिन्न राष्ट्रिय दैनिकमा प्रकाशन गर्न विभागबाट पूर्व स्वीकृतिको अनुमति लिएर विज्ञापन नगरेको भन्दै १ सय ४८ म्यानपावर कम्पनीलाई वैदेशिक रोजगार – बाँकी पृष्ठ २ मा

### कार्यकारी छनोटको प्रतिस्पर्धाबाट श्रेष्ठ बाहिरिए

काठमाडौं/मस- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार बोर्डको कार्यकारी निर्देशकका लागि पाँच जनाको संक्षिप्त सूची सार्वजनिक गरेको छ । मन्त्रालयले गत जेठ २० गते नयाँ कार्यकारी निर्देशकका लागि दरखास्त आह्वान गरेको थियो ।

दरखास्त आह्वानपछि निर्मल कुमार उप्रेती बारा, तोयानाथ अधिकारी लमजुङ, दुर्गादत्त ढकाल टोखा काठमाडौं, डा. द्वारिका उप्रेती बारा, युवराज बस्नेत सुर्खेत र हरिकुमार श्रेष्ठ पर्वतले आवेदन गरेका थिए ।

पहिलो चरणको प्रतिस्पर्धाबाट पर्वतका श्रेष्ठ बाहिरिएका छन् । संक्षिप्त सूचीमा छनोट भएकाहरूको साउन २० गते व्यावसायिक योजना प्रस्तुतिकरण र अन्तर्वार्ताको समय तोकिएको मन्त्रालयले जनाएको छ ।


बहस:

# नेता हराउँदैमा देश सुध्रन्छ ?

राजनीतिक बितृष्णा बढिरहँदा आगामी निर्वाचनमा पूर्वप्रधानमन्त्री हराउनुपर्ने अभियान सामाजिक सञ्जालमा चलेको छ । उनीहरुको अभियान छ- अहिलेसम्म जेजति गर्नुभयो, धन्यवाद । अब पुग्यो ।





**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १५ साउन ।

पछिल्लो समय पूर्वप्रधानमन्त्री र बृद्ध नेतालाई चुनावमा हराउनुपर्ने अभियान सामाजिक सञ्जालमा सुरु भएको छ । बढ्दो राजनीति अस्थिरता र जनताले अपेक्षा गरे बमोजिम परिवर्तन नदेखिदाँ बृद्ध नेता हटाउने ट्रेन्ड सुरु भएको हो ।

जसमा प्रधानमन्त्री शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्रीहरु केपी शर्मा ओली, पुष्पकमल दाहाल प्रचण्ड, माधवकुमार नेपाल, झलनाथ खनाल र बावुराम भट्टराई लगायत छन् । राजनीतिक विश्लेषक डा. विष्णु दाहाल भने पूर्वप्रधानमन्त्री वा ७० कटेका नेताहरु हटाउँदैमा समस्याको समाधान भने हुन नसक्ने बताउँछन् ।

'जनता कसरत नै नगरि परिवर्तन चाहिरहेको छन्, तसर्थ नेताहरुबाट आजित हुनु स्वभाविक हो, तर, नयाँ आउनेले परिवर्तन गर्छन् भन्ने त्यस्तो देखिदैंन, जिम्मेवार सबै छन्,' विश्लेषक दाहालले भने । उनले देश परिवर्तनका लागि पात्र भन्दा पनि प्रवृत्ति परिवर्तन गर्नुपर्ने बताएका छन् । साथै पछिल्लो समय व्यक्ति हेरेर मात्रै भोट हाल्ने प्रवृत्ति देखिएकाले उम्मेद्वार बलियो नभए दलले जित्ने सम्भावना न्यून हुने पनि उनको भनाई छ ।

तर, एउटा समूहले भने प्रधानमन्त्री भइसकेका शेरबहादुर देउवा, प्रचण्ड, माधव नेपाल, केपी ओली, झलनाथ खनाल र बाबुराम भट्टराईको तस्बिर फेसबुक – बाँकी पृष्ठ २ मा

# कोरोना सक्रिय संक्रमितको संख्या चार हजार नाघ्यो

**काठमाडौं/मस**-देशभर पछिल्लो २४ घण्टामा ६२० जनामा कोभिड सङ्क्रमण पुष्टि भएको छ। यस अवधिमा एक जनाको सङ्क्रमणका कारण मृत्यु भएको छ।

पछिल्लो २४ घण्टामा पाँच हजार ८४६ जनाको नमूना परीक्षण गरिएको थियो । दुई हजार ६५१ जनाको पिसीआर र तीन हजार १९५ को एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । गत २४ घण्टामा २९७ कोरोना सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमण मुक्त हुनेको सङ्ख्या नौ लाख ७० हजार ६२ पुगेको छ। सङ्क्रमण मुक्त हुने दर ९८ दशमलव तीन प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा २५ हजार ४३६ जनाले कोभिड विरुद्धको खोप लगाएका छन्। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या चार हजार ५६७ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ९६७ पुगेको छ । होम आइसोलेशनमा चार हजार ४२४, संस्थागत आइसोलेशन १४३ र आइसियू ३३ र भेन्टिलेटरमा पाँच सङ्क्रमित रहेका छन् ।

हाल देशभरमा ५०० भन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्ला काठमाडौं र ललितपुर तथा २०० भन्दा बढी सङ्क्रमित रहेका जिल्लामा मोरङ र कास्की छन् । शून्य सङ्क्रमित रहेका जिल्लामा मनाङ, कालिकोट, मुगु, हुम्ला, बाजुरा, दार्चुला र बझाङ रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा दुई हजार ६०५ र ललितपुर ५०५ र भक्तपुरमा ३७ सक्रिय सङक्रमित रहेको मन्त्रालयले जनाएको छ ।

### जनार्दन...

लगाएर छानबिन समिति बनेको थियो, त्यस्तो केही पनि देखिएन । त्यही भएर उहाँले 'क्लिनचिट' पाउनुभयो' यसकारण अर्थमन्त्रीमा पुनः नियुक्त स्वभाविक हो' संसदीय विशेष समितिमा समेत रहेकी नेकपा एकीकृत समाजवादीकी प्रमुख सचेतक सरला यादवले भनिन् । जनता समाजवादी पार्टीका प्रमुख सचेतक प्रमोद साहको पनि उस्तै कुरा छ। साह भन्छन्, 'संसदीय समितिको प्रतिवेदनले उहाँलाई निर्दोष सावित गरिसक्दा पनि प्रश्न उठाउनु ठिक होइन ।'

### डोजरे ...

कटान माथिबाट पहिरो । दुई ढुंङ्गाको बिचमा च्यापिएको तरुल जस्तै बनेका छन यहाँका स्थानीय वासिन्दा । साउन ९ गते राती पहिरो आयो त्यसपछी स्थानीयको भागदौड सुरु भयो । जथाभावी सडक खन्दागाउँ नै जोखिममा परेको स्थानीय बताउँछन । यो घटना एक उदाहरण मात्रै हो। आठबिसकोटको अधिकांश क्षेत्रमा पहिरोको जोखीम छ। सडक निर्माणकै कारण कतै पानीका मुहान सुकेका छन, सिंचाई नहर हरु भत्किए, वन विनाश भएको छ । कतै खेतीयोग्य जमिनको सत्यानाश भएको छ ।

'भिरालो जमिन भएकाले अन्यत्रबाट सडक लैजान आग्रह गर्यौं तर पनि गाउँ नै जोखिममा पर्ने गरेर डोजरले सडक काट्दा अहिले विस्थापित हुनु पर्यो' स्थानीय सुनिल आरसी भन्छन, 'सडक आउनु भन्दा पहिले पहिरोको कुनै संभावना थिएन ।'गाउँगाउँमा सडक पुर्याउने भन्दै स्थानीय सरकारले डोजर चलाएपछी अहिले अर्काको घरमा शरण लिन परेको उनको गूनासो छ । वातावरणीय प्रभावको अध्ययन बिना जथाभावी खनिएका कच्ची सडकले खेतियोग्य जमिन र बस्तीमा प्रभाव पार्न थालेको छ। सडक खन्नुलाई मात्रै विकास भएको मान्ने गलत बुझाईका कारण स्थानीयतहहरु जता जंगल उतै डोजर, जता खेतियोग्य जमिन त्यतै डोजर चलाउन थालेका छन ।

नागरिकको आधारभूत आवश्यकता नबुझि सडक निर्माणलाई मात्रै विकास निर्माणको पहिलो सुत्र मान्ने गलत प्रवृत्ति हो । मापदण्ड बिपरित जथाभावी डोजर चलाउँदा प्राकृतिक स्रोत साधन र मानवीय क्षति हुन सक्ने सम्भाव्यताको गहिरो अध्ययन गर्नु जरुरी देखिन्छ। स्थानीय क्षेत्रमा विपत् व्यवस्थापनको क्षेत्रमा काम गरिरहेका सबै सरोकारवालालाई पहिरो जाने जमिनको अस्थिरताका बारेमा पर्याप्त ज्ञान हुन समेत आवश्यक छ। प्रत्येक वडामा सडक पुर्‍याउने योजनाले गाउँ गाउँमा थुप्रै सडक खनिए। अहिले जता सडक उतै पहिरो छ। अधिकांश क्षेत्रमा खानेपानी आयोजनाहरू मासिएका छन्। मुहान नै सुकेपछि गाउँमा खानेपानीको पनि समस्या देखिएको छ।

सडक पुगेपछी हरेक कुरामा सहज होला भन्ने आशमा थिए गारावासी तर त्यही सडकले नै उठिबास लगाउला र आफ्नो परिवारले शरणार्थीको जिन्दगी बाँच्नु पर्ला भन्ने उनिहरुले कल्पना समेत गरेका थिएनन् । वस्तीमाथि सडक खन्दा बर्खायाममा जोखिम बढ्छ भनेर स्थानीय सरकार लाई सडक नखन्न आग्रह गरे तर गाउँवासी र नगरपालिकाविच दुईपक्षीय सम्झौता पछी सडक खनियो । सडक खनेको केहि वर्षमै २०७९ साउनमा त्यही सडक पहिरोमा परिणत भयो । धानखेती, शौचालय र पानी घट्ट पनि बगाईदियो । घरहरु उच्च जोखिममा परे । आठबिसकोट नगरपालिका भित्र करिब तीन सय किलोमिटर सडक खनिएको मध्यमा अधिकांश सडक खोल्सा र पहिरोमा परिणत भएका छन।

'भाग्यमा बाँच्नु लेखेको रैछ र मान्छेलाई केही भएन । तर धानखेती बगर बन्यो उठिबास लाग्यो, पहिरोपछी आफन्तको घरमा आश्रय लिएर बसिरहेका विकाश आरसी भन्छन्, 'राती होस् या दिउँसो पानी पर्ने वित्तिकै यहाँ भागदौड मच्चिन्छ । कतै ठूलो आवाज आउँदा समेत फेरी पहिरोकै आवाज जस्तो लाग्छ। खाँदाखाँदैको गाँस पनि सुख शान्तीका साथ खान पाइदैन।'

राहतको आश्वासन त दिइएको छ। तर मुख्य उत्पादनको रुपमा रहेको धानबाली नै नष्ट भैसकेकोले राहत को आशगर्नु सहानुभूति मात्रै हो । न त वातावरणीय प्रभाव मुल्याङ्कनछ। न त कुनै स्टमेट जथाभावी डोजरले खनिएका सडककै कारण बर्खामा पहाडी क्षेत्रमा समस्या बढ्दै गएको छ । विगतका वर्षहरुमा मनलाग्दी तरिकाले काटिएका सडक बर्खासँगै पहिरोमा परिणत भएका छन्। जतातते सडक काट्ने प्रतिस्पर्धा चलेको छ । जनप्रतिनिधी र ठेकेदारको मिलेमतोमा सबै स्थानीयतहले डाँडाकाँडा चिराचिरा पारेका छन् । सुख्खायाममा धमाधम काटिएका सडक बर्खाको समयमा पहिरोमा परिणत भएर ठुलो क्षति पुर्याइरहेका छन । उसो त स्थानीयतह सञ्चालन निर्देशिकाले विपत् व्यवस्थापनका क्षेत्रमा काम गर्न धेरै कार्य तोकेको छ । तर, स्थानीय तहले यसबारे कुनै चासो देखाएको देखिँदैन। स्थानीय सरकारको साँघुरो सोच र सडक निर्माण लाई नै पहिलो प्राथमिकतामा राख्नाले प्रत्येक वर्ष नागरिकले ज्यान गुमाउनुपरेको अवस्था छ ।

स्थानीयतहले विपद् व्यवस्थापनका लागि बजेट विनियोजन गर्ने गरेका छन्। तर ऐन र कार्यविधिअनुसार जोखिम न्यूनीकरणका लागि बजेट खर्च गर्न आवश्यक देखिन्छ। स्थानीयतहमा पहिरो सम्बन्धी ज्ञान,जानकारी लिएर त्यसको सही रूपमा कार्यान्वयनमा ल्याउन सके पहिरोको रोकथाममा प्रभावकारी कदम चाल्न सकिन्छ। आठबिसकोटमा अधिकांश सडक निर्माणमा प्राविधिक मूल्यांकन छैन । स्थानीय नेताको निर्देशन र डोजर चालकको मनपरि ढंगले सडक बनेका छन् । ती दिगो र टिकाउ छैनन् । गारा मात्रै होइन ढुंगेला, दाजे र बटालागाउँका केहि घर घरपरिवार पहिरोको उच्च जोखिममा छन् । तसर्थ सडक निर्माण गर्दा भविष्यमा हुन सक्ने जोखिमलाई मध्यनजर गरि वातावरणीय प्रभाव मूल्यांकन गरी सडक निर्माण गर्न जरुरी छ। यी त प्रतिनिधिमुलक घटना हुन । नेपालमा प्राकृतिक विपत् बाटै वर्सेनि सयौं जनाले ज्यान गुमाउनुपरेको छ।

भिरालो र कमजोर जमिनमा जथाभावी खनिएको सडकले गाउँलेलाई उठिबास लगाउने प्रमुख कारण पहिरो बनेको छ । वर्षातमा तराईमा डुबान र मध्य तथा पहाडी क्षेत्रमा पहिरोले हजारौं मान्छेको ज्यान जाने गर्दछ। विपत् प्राधिकरणका अनुसार रुकुम पश्चिम पनि पहिरोको जोखिममा रहेको जिल्ला हो । पहिरोबाट क्षति हुन नदिन तथा पुर्वतयारी भने त्यति देखिदैन । पहिरो जाने ठाउँको पहिचान भैसक्दा समेत सो क्षेत्रमा समयमा ध्यान नदिँदा नै त्यहाँ ठूलो दुर्घटना हुने गर्छ। बाढी पहिरोबाट बच्न स्थानीय स्तरमै पूर्व तयारीलाई प्राथमिकता दिनुपर्छ । विपत्तिमा काम गर्ने निकायबीच समन्वय गरेर सुरक्षित स्थान खोजी जोखिममा रहेका बस्ती स्थानान्तरण गर्न जरुरी देखिन्छ।

### श्रमिक...

२० अर्ब लागत लाग्ने छ। ५ सयदेखि १ हजार बेड भएको अस्तपाल निर्माणका लागि १० विगाह जग्गा आवश्यक पर्ने भएपनि दीर्घकालसम्मका लागि २५ विगाहसम्म जग्गा उपयुक्त हुने कार्यदलको ठहर छ। तर जग्गाकै कारण निमार्ण कार्य रोक्न नहुने र अहिलेलाई ५ विगाह जग्गा उपलब्ध भएको ठाउँमा पनि अस्पताल निमार्ण कार्य शुरु गर्नुपर्ने कार्यदलले सुझावमा पेश गरेको छ।

कार्यदलका संयोजक एंव श्रम मन्त्रालयका सहसचिव दिपक काफ्लेले नेपाल सरकारले श्रम अस्पताल निमार्णका लागि दिएको सैद्धान्तिक सहमति तथा कार्यदलले सरकारवाला निकायसँग पटक पटक गरेको छलफलले अस्पतालको आवश्यकता पुष्टि भएकाले यथाशीघ्र अस्पताल निमार्ण कार्य अगाडि बढाउनु उपयुक्त हुने बताए ।

त्यस्तै कार्यदलले तत्काल श्रमिक अस्पताल निर्माण तथा सञ्चालन गठन आदेश जारी गरी जग्गा प्राप्तिको प्रशासनिक कार्य टुंग्याएर अस्पताल विकासका आवश्यक कार्य अघि बढाउन मन्त्रालय अन्तर्गत श्रमिक अस्पताल विकास परियोजना कार्यालय स्थापना गरी कार्यसम्पादन गर्न उपयुक्त हुने निष्कर्ष निकालेको छ। श्रम मन्त्रालयका सहसचिव काफ्लेको संयोजकत्वमा स्वास्थ्य, वन र भूमि मन्त्रालयका प्रतिनिधि रहेका थिए ।

### अख्तियारले ...

ऐनको दफा ४९ अनुसार ५० हजार रूपैयाँका दरले जरिवाना गरेपछि सम्बन्धित व्यवसायीहरू अन्यायपूर्ण तरिकाले जरिवाना गरिएको भन्दै आइतबार विरोध जनाउन विभाग घेराउमा गएका थिए ।

व्यवसायीहरूले नियतवश नभई प्राविधिक कारणले विज्ञापन प्रकाशित हुन छुटेको भन्दै एक पटकलाई सचेतसम्मको कारबाहीको माग गरे पनि महानिर्देशक पौडेलले विज्ञापन प्रकाशित नगर्ने व्यवसायीलाई जरिवाना बाहेकको विकल्प नरहेकोले विभागले जरिवाना नै गरेको जानकारी दिए । व्यवसायीलाई जरिवाना गर्ने विषयमा आफुले मन्त्रालयका सचिव तथा मन्त्रीसँग पनि परामर्श गरेको र अख्तियारले पनि चासो राखेकोले विभागको निर्णयलाई सहजरूपमा लिन आग्रह गरेका थिए ।

### नेता...

ट्वीटरमा राख्दै लेखेको छ, 'अहिलेसम्म जेजति गर्नुभयो, धन्यवाद। अब पुग्यो। अब पालो अरु कसैको। निर्वाचन ०७९ मा ससम्मान बिदाबारी ।'

उनीहरुले आगामी निर्वाचनमा नयाँलाई स्थान दिनुपर्ने भन्दै सामाजिक सञ्जालमा युवाको आकर्षण बढाउने ट्रेन्ड चलाइरहेका छन् । जसलाई राजनीतिक विश्लेषक डा. राजेश अहिराज सकारात्मक रुपमा लिन्छन्। 'एकातिर उमेरले ७० अनि अर्कातिर वर्षो सत्तामा बस्दा पनि देशको अवस्थामा आउन नसकेको सुधार त्यसका लागि यो अभियान आवश्यक छ, तर नयाँ आउनेले पूर्ण गर्नसक्छन् भन्ने पनि होईन,' विश्लेषक अहिराजले भने । उनले नयाँ पुस्ता राजनीतिमा आउनुपर्ने विषय सकारात्मक भएको बताएका हुन्।

दलका शीर्षस्थ नेताहरुले देश विकासका लागि अपेक्षाकृत परिवर्तन गर्न नसक्दा विकल्पको खोजी हुन थालेका छन्। उनीहरुलाई हराएमा देश परिवर्तन हुने अभियान चलाईएपनि वृद्ध नेताहरु मात्रै देशको समस्या नभएको विश्लेषण भएको हो । त्यसका लागि पात्र भन्दा पनि प्रवृत्ति परिवर्तन हुनुपर्ने धेरैको बुझाई छ।


## भूल सुधार

मिति २०७९/०४/१५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यस प्रा. लि. को कतारमा रोजगार शिर्षकको कम्पनी नामः **Souq Al Baladi Trading W.L.L.,** पूर्व स्वीकृत मितिः २०७९/०४/१४, चलानी नं.:६०१८३९९६, र **LT. No.: 268023** को विज्ञापनमा कामदारको पद **Salesman** मा महिला सङ्ख्या ३० हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

Paragon H.R. Management Pvt. Ltd.
Govt.Lic.No. 519/074/075
Tokha-5, Basundhara, Kathmandu, Mob.: 9813000522 | Tel: 01-5901247
E-mail : paragonhrmanagement@gmail.com, Web.: paragohrmanagement.com



## मलेशियामा रोजगार | कम्पनी: N.K. RUBBER (M) SDN BHD.

पूर्व स्वीकृति मिति: 2022/07/31 चलानी नं 60184051 LT. No. 268162

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 40 | 0 | [illegible] | 1500 | [illegible] | [illegible] | ८ | [illegible] | [illegible] | [illegible] | [illegible] |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०७९ श्रावण २३ र २४ गते (8th & 9th Aug, 2022) हुनेछ ।

AAROHAN HUMAN RESOURCE PVT. LTD.
Sinamangal-09, Kathmandu, Nepal, Phone: 01-4465606



## साउदीमा रोजगार | २. कम्पनी: AL HADABA COMPANY
शहर: Al Qassim

पूर्व स्वीकृत मिति: २०७९/०१/१५ चलानी नं.: ६०१७८६७४ L.T. No.: 262481 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 79 | 0 | स. काममा दक्ष | 1000 | ३३,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २३ गते (8 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Yatra H.R. Solution Pvt. Ltd.
Gov. Lic No. 1096/073/074
Gaurighat-7, Kathmandu, Tel: 4114682, 4114683 Chitwan Contact No.: 9855058369
9824204060, E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com



## मलेशियामा रोजगार | १. कम्पनी: SYNERGY FORMS & MEDIA SDN.BHD.
शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०४/१५ चलानी नं.: ६०१८४१५७ LT. No .: 268195

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 45 | 0 | स. काममा दक्ष | 1500 | ४२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: CERGAS UTARA SDN.BHD. शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०४/१५ चलानी नं.: ६०१८४१५७ LT. No .: 268196

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २३ गते (8 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

बि. एस. ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ५४०/०६१/०६२
पो.ब.नं.: १५१४२, सामाखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.:४९६३३५८,४९६४४१०, ४९८७४०२
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@gmail.com
website www.bsoverseasnepal.com.np
ISO 9001 : 2015 CERTIFIED Regd No : 19313/A/001/En
स्थापनाकालको सबैभन्दा छोटो समयमा नै ISO 9001:2015 प्राप्त गर्ने सफल कम्पनी


## पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलान्चोक
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०७९/०४/१६**

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धि सूचना र तत्पश्चात रीतपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| IFB NO. | Description of work | स्विकृत बोलपत्रदाता | कबोल रकम VAT बाहेक |
|---|---|---|---|
| PMUN/NCB/GOODS/03/2078-079 | SUPPLY AND DELIVERY OF AGRICULTURAL MACHINERIES AT PANCHKHAL-03 | SMART AGRO SOLUTION PVT. LTD., BHAKTAPUR | NRs. 15,47,000.00/- |
| PMUN/NCB/GOODS/04/2078-079 | SUPPLY AND DELIVERY OF AGRICULTURAL MACHINERIES AT VARIOUS WARD OF PANCHKHAL MUNICIPALITY | SMART AGRO SOLUTION PVT. LTD., BHAKTAPUR | NRs. 30,35,000.00/- |

**प्रमुख प्रशासकिय अधिकृत**


## साउदीमा रोजगार अवसर | कम्पनी: MOMENT FAST FOOD RESTAURANT
शहर : RIYADH

पुर्व स्वीकृत मिति: २०७९/०१/११ चलानी नं.: ६०१७८४४२ L.T. No.: 262114 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Labor | 1 | 0 | स. काममा दक्ष | 1200 | ४०,४१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: FLOUR AND CUP ESTABLISHMENT FOR SERVING MEALS शहर : Riyadh

पुर्व स्वीकृत मिति: २०७८/११/२७ चलानी नं.: ६०१७५८७५ L.T. No.: 259206 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chief Assistant | 1 | 0 | स. काममा दक्ष | 1400 | ४७,१५२ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Worker | 1 | 0 | | 1200 | ४०,४१६ | | | | | | | |

३. कम्पनी: THE BEST DISHES FOR SERVING MEALS शहर : Riyadh

पुर्व स्वीकृत मिति: २०७९/०३/१७ चलानी नं.: ६०१८२३५६ L.T. No.: 266364 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 6 | 0 | स. काममा दक्ष | 1200 | ४०,४१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: MAJD AL SHUMOUKH GENERAL CONTRACTING EST शहर : RIYADH

पुर्व स्वीकृत मिति: २०७९/०२/२२ चलानी नं.: ६०१८०४३३ L.T. No.: 263970 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Builder | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २३ गते (8 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं.४ को नि:शुल्क रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

अल-हरमैन एच.आर. प्रा. लि.
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१-४४८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np



## कतारमा रोजगार | कम्पनी: SADEEN GLOBAL FOR TRADING AND CONTRACTING
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/१०/१३ चलानी नं.: ६०१७३५५३ LT. No.: 256959 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४१,२४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Tile Maker | 1 | 0 | | 1200 | ४१,२४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २३ गते (8 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Excellent Manpower Services Pvt. Ltd.
साबिक: (AL SUJIT MANPOWER PVT. LTD.)
Gov. Lic No. 1328/074/075
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
Email: excellentmanpower1328@gmail.com



## साउदीमा रोजगार | कम्पनी: HUSSAIN BIN ALI BIN ABDULLAH AL-OMRAN FACTORY FOR INDUSTRY
शहर: Al-Hasa

पूर्व स्वीकृत मिति: २०७९/०२/१२ चलानी नं.: ६०१७९८१५ LT. No.:263682 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Door And Window Carpenter | 1 | 0 | स. काममा दक्ष | 1500 | ५०,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २३ गते (8 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

नूर अपरच्युनिटिज ओभरसिज प्रा.लि.
G.P.O. Box 7636 Anamnagar, kathmandu Tel : 01-5705735 01-5705412
E-mail : nooropportunities@gmail.com, Web : www.nooroverseas.com.np



## कुवेत र मलेशियामा रोजगार | 1. COMPANY : RAMADA FOR COSMETICS CO.
City : KUWAIT

पूर्व स्वीकृत मिति: २०७९/०१/१४ चलानी नं.: ६०१७८६३४ LT. No.: 262324 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner worker | 0 | 12 | स. काममा दक्ष | 120 | ४९,४९६ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Hair Dresser | 0 | 15 | | 150 | ६१,८७० | | | | | | | |

2. COMPANY : LHT LIAN HONG SDN.BHD. City : SELANGOR

पूर्व स्वीकृत मिति: २०७९/०४/१५ चलानी नं.: ६०१८४१४३ LT. No.: 268205

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन २३ गते (8 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Rainbow Overseas Pvt. Ltd.
Nepal Govt. Labour Lic No 352/ 059/060, Mitrapark-07, Chabahil KTM, Nepal
Phone : 01- 5910277 / 5910278, 9801199802 / 9801199803



## मलेशियामा रोजगार | कम्पनी : PREMIER 8 FOOD SDN BHD
शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०४/१५ चलानी नं.: ६०१८४१३५ LT. No.: 268231

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Service Sector | 10 | 0 | स. काममा दक्ष | 1500 | ३०,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छैन | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ साउन २३ गते (8 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

मदिना इन्टरनेशनल सर्भिसेज प्रा. लि.
श्रम इजाजत नं. ७४७/०६४/०६५
सानेपा हाइट-०३, ठाडो ढुंगा चोक, ललितपुर, फोन: ०१-५५२९८५५, मो: ९८५१००५०८५
E-mail: madinaintl@gmail.com , Website: www.madinaint.com.np



## नाशा ह्यूमन रिसोर्स प्रा. लि. को जरुरी सूचना

राजधानीको चक्रपथस्थित यस **नाशा ह्यूमन रिसोर्स प्रा.लि. (इजाजत नं ८३१/०६६/०६७)** को तत्कालीन सञ्चालक राजु भण्डारीको छोरा काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. ४ बस्ने (ना.प्र. नं २७१०२६/९४२६) बर्ष ३३ का सुनिल भण्डारीले आफ्नो नाममा कायम रहेको सम्पूर्ण शेयर स्वामित्व बिक्री गरि सेयर स्वामित्व हस्तान्तरणका लागि मितिः २०७९/०३/२२ मा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा आफै उपस्थित भई सेयरमूल्य बमोजिमको रकम बुझि लिई, आफ्नो हक छोडेको विक्रिनामा लिखतमा सनाखत गर्नुभएकोले निज सुनिल भण्डारीको यस नाशा ह्यूमन रिसोर्स प्रा. लि.मा अब उप्रान्त कुनै स्वामित्व/जिम्मेवारी नरहेको व्यहोरा सम्बन्धित सबै सरोकारवाला पक्षहरूलाई जानकारी गराइन्छ। तत्कालीन सञ्चालक निज सुनिल भण्डारी स्वेच्छाले यस कम्पनीबाट अलग हुनुभएकोले अब उप्रान्त यस प्रा.लि.को नामबाट उहाँसंग यस प्रा.लि.संग संवन्धित कुनै पनि किसिमको संस्थागत वा व्यक्तिगत काम, लेनदेन र कारोबार नगर्न, नगराउन सबैमा अनुरोध गरिन्छ। यस सूचनालाई वेवास्ता गरि कसैले काम कारोबार गरेमा निज स्वयम् जिम्मेवार भई यस प्रा.लि.ले कुनै पनि प्रकारको जिम्मेवारी नलिने/नहुने व्यहोरा समेत सम्बन्धित सबैका लागि यसै सार्वजनिक सूचना मार्फत जानकारी गराइन्छ ।

श्रम इ.प.नं.: ८३१/०६६/०६७

नाशा ह्यूमन रिसोर्स प्रा. लि.
महाराजगंज, चक्रपथ-३, काठमाडौं, फोनः ०१- ४३७९६७७

# घरघरमै सामाजिक सुरक्षा भत्ता, वृद्धवृद्धा हर्षित



**प्रकाश मिश्र/मध्यान्ह**
कैलाली, १५ साउन

कैलालीको घोडाघोडी नगरपालिकाका वृद्धवृद्धाहरु घरघरमै सामाजिक सुरक्षा भत्ता बुझ्न पाएपछि मक्ख बनेका छन् ।

नगरपालिकाले विभिन्न वडाहरूका टोलटोलमै पुगेर भत्ता वितरण गर्न थालेपछि उनीहरु खुशी बनेका हुन् । सामाजिक सुरक्षा भत्ता बुझ्न पुगेका कालुराम चौधरीले भने, 'राज्यले दिएको सुविधा लिन बैंकमा जानुपर्ने बाध्यता थियो, त्यसैमाथी जाँदा-आउँदा चर्को गर्मी र दिनभर लाइन बस्नुपर्थ्यो, अहिले आनन्द भएको छ ।'

भत्ता लिन जाँदा कहिलेकाहीँ दुई/तीन दिनसम्म पनि बित्ने गरेको उनको भनाइ छ । सहज तरिकाले भत्ता बुझ्न पाएको भन्दै उनले वडाअध्यक्ष घनश्याम ओझालाई धन्यवाद दिए ।

नगरपालिकाले आइतबार वडा नम्बर १ र ३ मा सामाजिक सुरक्षा भत्ता वितरण गरेको हो । बैंकिङ प्रणालीमार्फत वितरण हुँदै आएको सामाजिक सुरक्षा भत्तालाई लाभग्राहीको थप सहजताका लागि नगरपालिकाको समन्वयमा बैंकका कर्मचारीलाई वडा र बस्ती स्तरमै पुऱ्याएर वितरण गर्ने प्रबन्ध मिलाइएको नगर प्रमुख खडक बहादुर रावतले बताए । बैंकमा पुगेर रकम झिक्न झन्झटिलो हुने हुँदा त्यो दुखलाई अनुभूति गर्दै आफूहरूले सामाजिक सुरक्षा भत्ता गाउँघरबाट वितरण गरेको नगर प्रमुख रावतले बताए । सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रक्रिया अझ सहज र सजिलो बनाइने उनको योजना छ ।

स्थानीय तहको चुनावको बेला बोलेका प्रतिबद्धता अनुसार कामहरू क्रमिक रूपमा पुरा गर्दै गएको सम्बन्धी वडाका वडाध्यक्षहरूले बताएका छन् । विगतका समय भन्दा फरक पन दिन र नागरिकहरूलाई प्रत्यक्ष राहतको महशुस गराउनका लागि आफूहरू लागि परेको वडा नम्बर १ का अध्यक्ष घनश्याम ओझाले बताए । ज्येष्ठ नागरिक, दलित, अशक्तहरुको सहजताका लागि टोलमै पुगेर भत्ता वितरण गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत दीपक आचार्यले जानकारी दिए ।

# आकाशे पानी र साउने पन्ध्रले रौतहटका किसान खुशी



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
साउन, १५ रौतहट

रौतहटका किसानलाई साउने पन्ध्र र आकाशे पानीले एकैपटक खुशी दिएको छ । असार मध्ययता पानी नपरेर धानको रोपो मर्न थालेका बेला लगातार दुई दिन पानी परेपछि किसानको अनुहारमा खुशी छाएको हो ।

यमुनामाई गाउँपालिका-४ का राजकिशोर सिंहले दुःखसुख रोपेको धान सुक्ने क्रममा आकाशे पानीले राहत मिलेको बताए । 'धन्न साउने १५ अघि पानी पऱ्यो र धानको रोपो फिर्ने आश जाग्यो ।' उनले भने, 'खेतमा रोपेको धान पानीबेगर पहेँलिदै गएको थियो, शुक्रबार र शनिबारको पानी अमृत वर्षेझैं लागेको छ ।'

जिल्लामा लामो खडेरीपछि गत शुक्रबार साँझ र शनिबार परेको पानीले धानको रोपोलाई अमृतकै काम गरेको किसानको भनाइ छ ।

लगातार दुई दिन पानी परेपछि किसानलाई साउने १५ पर्व चार्ड आएजस्तो लागेको यमुनामाई गाउँपालिका -५ का ६५ वर्षीय रामस्वरुप ठाकुरले बताए ।

# डेढ खर्ब बढीको चिठ्ठा सिकागोका एक व्यक्तिले हात पारे

**गणेश थापा/मध्यान्ह**
क्यालिफोर्निया, १५ साउन

संयुक्त राज्य अमेरिकाको चर्चित सहर सिकागोका एक व्यक्तिले डेढ खर्ब भन्दा बढी नेपाली रूपैयाँ बराबरको चिठ्ठा जितेका छन् । 'मेगा मिलियन' नामको १ दशमलव लगायत थप विवरण भने सार्वजनिक गरिएको छैन । अमेरिकामा पावर बल, मेगा मिलियन जस्ता निकै ठूलो राशीका चिठ्ठाहरू हरेक हप्ताको दुई/तीन पटकसम्म खोल्ने गरिन्छ ।

प्रत्येक साताको मंगलबार र




२८ विलियन डलरको सो वृहत्तर धनराशीको चिठ्ठा सिकागोस्थित स्पिड वेको लोटरी बिक्री केन्द्रबाट टिकट लिएका एक जनाले हात पारेको स्थानीय संचारमाध्यमहरूले उल्लेख गरेका छन् ।

यद्यपि चिठ्ठा विजेताको नामथर शुक्रबार ड्र हुने मेगा मिलियन ज्याकपट हिट गर्न गएको हप्तादेखि कसैले नसकेपछि कलेक्ट भएको उक्त ठूलो धनराशी सिकागोका व्यक्तिले शनिबार राति जितेका हुन् । मेगा मिलियन चिठ्ठाको प्रति टिकट मूल्य २ डलर रहेको छ ।

**मलेशियामा रोजगार** 1. LEADER STEEL SDN. BHD., PINANG पुनः विज्ञापन
पुर्व स्विकृति मितिः 2022.06.03 चलानी नं. ६०१८०३९४ LT No. 264020

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 16 | 1500 | 43125 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

2. BUNGE LODERS CROKLAAN OILS SDN. BHD. पुनः विज्ञापन
पुर्व स्विकृति मितिः 2020.03.10 चलानी नं. ६०१५३२११ LT No. 234616

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 62 | 1200 | 34500 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

अन्तरवार्ताः २०७९ साउन २२ र २३ गते (7 & 8 August 2022) मेनपावर कार्यालयमा हुनेछ ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः निःशुल्क

**तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.**
बसून्धारा, काठमाडौं, नेपाल, फोन नं.: ४९६५०७५, ४९५६५७५, श्रम इजाजत पत्र नं.: १५०९/०७४/७५

**साउदीमा रोजगार** | कम्पनी : UNITED GREENHOUSE COMPANY शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७९/०१/०४ चलानी नं.: ६०१७८००६ LT. No.: 261325

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 17 | 0 | स. काममा दक्ष | 1000 | ३३,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन २३ गते (8 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | मलेसियाको निःशुल्क साउदीको रु १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**स्काई-वे म्यानेजमेन्ट प्रा. लि.**
गौशाला, काठमाडौं, नेपाल, फोनः ४५६०१६०, ४५७१४७१
श्रम इजाजत नं. ९००/०६७/०६८
Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com

**मलेसियामा रोजगार अवसर** | कम्पनी : BIOPLUS INDUSTRIES SDN BHD शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०४/१५ चलानी नं.: ६०१८४१३८ LT. No.: 267999

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : PINKBERRYS DESSERT HOUSE SDN BHD शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०४/१५ चलानी नं.: ६०१८४१३८ LT. No.: 267997

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 6 | 0 | स. काममा दक्ष | 1500 | ४२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २३ गते (8 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**पंगेनी ह्युमन रिसोर्स प्रा. लि.**
गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल, फोनः ०१-४९८६६००/४९८६२०४
मो.: ९८१३३५६३८०
Email: pangeni813@gmail.com, Website: www.pangenihr.com
श्रम इजाजत नं. ८१३/०६५/०६६

**कुवेतमा रोजगार अवसर** | कम्पनी : ANGELINA PARIS RESTAURANT COMPANY W.L.L. शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०७८/१२/२० चलानी नं.: ६०१७७१४२ LT. No.: 260811 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 3 | 0 | सम्बन्धित काममा दक्ष | 125 | ५१,६०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Helper | 5 | 0 | | 85 | ३५,०९३ | | | | | | | |
| 3. | Service Crew | 6 | 0 | | 125 | ५०,५२२ | | | | | | | |
| 4. | Supervisor | 1 | 0 | | 200 | ८२,५७२ | | | | | | | |

२. कम्पनी : AL-GEMMYZEH RESTAURANT COMPANY शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०७८/१२/२० चलानी नं.: ६०१७७१४३ LT. No.: 260812 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 4 | 0 | सम्बन्धित काममा दक्ष | 125 | ५१,६०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper (Indoor) | 6 | 0 | | 85 | ३५,०९३ | | | | | | | |
| 3. | Service Crew | 7 | 0 | | 125 | ५०,५२२ | | | | | | | |
| 4. | SUPERVISIOR | 1 | 0 | | 200 | ८२,५७२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २३ गते (8 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.**
पा.ब. नं. ११९७२, गोंगबु-५, सामाखुसी, काठमाडौं, फोनः ४३५७०४७, ४३६१४९०
Mob.:9804931201, 9815186563, Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np
श्रम इजाजत पत्र नं. १०२५/०६८/६९

**कतारमा रोजगारको अवसर** | १. कम्पनीः POLITE TRADING CONTRACTING WLL शहरः QATAR
पुर्व स्वीकृत मितिः २०७९/०४/१४ चलानी नं.: ६०१८४०२५ LT. No.: 268110

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ७५,६१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | LABOUR | 20 | 0 | | 1000 | ३४,३७० | | | | | | | |
| 3. | SUPER VISOR | 1 | 0 | | 3000 | १०३,११० | | | | | | | |

२. कम्पनीः METEOR GARDEN BEAUTY SALON शहरः QATAR
पुर्व स्वीकृत मितिः २०७९/०४/१४ चलानी नं.: ६०१८४१५२ LT. No.: 268111

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 1 | स. काममा दक्ष | 2000 | ६८,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २३ गते (8 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Mobhira Recruitment Consultancy services (P.) Ltd.**
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोनः ०१-४३७८८४२, ४३७८९३६,
मो.: ९८२३६६८१६०, ९८०१०८५६३९
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com
श्रम इजाजत नं. १४६९/०७४/०७५

**Malaysia मा रोजगार** | १.कम्पनीः PARAMIT MALAYSIA SDN. BHD. शहर : PENANG
पूर्व स्वीकृत मितिः २०७९/०४/१५ चलानी नं.: ६०१८४१४२ LT. No.: 267815

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 30 | 90 | स. काममा दक्ष | 1500 | ४२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः NABMAP SYNERGY SDN BHD शहर : Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०४/१२ चलानी नं.: ६०१८३९२१ LT. No.: 266621

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २३ गते (8 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**DITYA INTERNATIONAL PVT. LTD.**
Sinamanga-9, Manpower Bazar, Kathmandu, Tel.: 4492260, 9808763291
E-mail : dityainternational1171@gmail.com, Web.: www.dityainternational.com
श्रम ई. पत्र नं.: ११७१/०७३/०७४

**FREE VISA- FREE TICKET- ZERO RECRUITEMENT सहित UAE को FIVE STAR HOTEL मा रोजगारको अवसर**

कम्पनी : J A RESORTS AND HOTELS LLC शहरः UAE
पूर्व स्वीकृत मितिः२०७९/०३/२० चलानी नं.: ६०१८२५४३ LT. No.: 266470 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender / Barman | 10 | 10 | स. काममा दक्ष | 1700 | ५८,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bell Man/doorman/porter | 10 | 10 | | 1500 | ५१,५२५ | | | | | | | |
| 3. | Chamberman/chambermaid(Room Attendent) | 20 | 20 | | 1150 | ३९,५०२ | | | | | | | |
| 4. | Chef De Partie | 10 | 5 | | 3500 | १२०,२२५ | | | | | | | |
| 5. | Commis/general Cook | 20 | 20 | | 1500 | ५१,५२५ | | | | | | | |
| 6. | Demi Chef De Partie | 10 | 10 | | 2300 | ७९,००५ | | | | | | | |
| 7. | Guest Relations Officer/receptionist | 5 | 5 | | 2000 | ६८,७०० | | | | | | | |
| 8. | Laundry Sorter/laundry Att. | 15 | 10 | | 1150 | ३९,५०२ | | | | | | | |
| 9. | Life Guard/rescuer | 5 | 3 | | 1700 | ५८,३९५ | | | | | | | |
| 10. | Telephone Operator | 5 | 5 | | 1700 | ५८,३९५ | | | | | | | |
| 11. | Therapist/spa Therapist | 10 | 10 | | 2300 | १२०,२२५ | | | | | | | |
| 12. | Waiter/waitress | 20 | 20 | | 1250 | ४२,९३७ | | | | | | | |

**कतारको PRE-OPENING 5 STAR होटल मा रोजगारको अवसर**

कम्पनी : UNITED HOTEL MANAGEMENT (LE VENDOME PALACE ) पुन विज्ञापन
पूर्व स्वीकृत मितिः २०७८/०८/०१ चलानी नं.: ६०१६७८५७ L.T. No.: 250895 शहरः DOHA

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Services | 94 | 50 | सम्बन्धित काममा दक्ष | 1300 | ४४,६८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | supervisor | 6 | 0 | | 2500 | ८५,९२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २३ गते (8 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**HABTOOR INTERNATIONAL PVT. LTD.**
GPO Box: 261, Basundhara-29, Kathmandu (गंगाहरी सदन भवनको चौथो तला)
Govt. Lic. No. 1147/073/74
Tel: 01-4973377, 4983377 Mob.: 9801059911, 9801059988, 9801059552, 9801059553
E-mail : jobsinhabtoor@gmail.com, Web: www.habtoorinternational.com

**मलेसियामा रोजगारको अवसर** | १. कम्पनीः JYOTO WORKS (M) SDN BHD. शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०४/१५ चलानी नं.: ६०१८४११६ LT. No.: 268208

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturings | 35 | 0 | स. काममा दक्ष | 1500 | ४२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः COCO INDUSTRY SDN. BHD. शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०४/१५ चलानी नं.: ६०१८४११९ LT. No.: 268185

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manifacturing | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनीः NSR RUBBER PROTECTIVE SDN. BHD. शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०४/१५ चलानी नं.: ६०१८४१२१ LT. No.: 268204

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनीः RADIUS QUALITY SDN.BHD. शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०४/१५ चलानी नं.: ६०१८४११७ LT. No.: 268190

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

५. कम्पनीः SHH INDUSTRIES SDN.BHD. शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०४/१५ चलानी नं.: ६०१८४१२० LT. No.: 268191

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturings | 7 | 0 | स. काममा दक्ष | 1500 | ४२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

६. कम्पनीः OCEAN WELD TRADING SDN BHD शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०४/१५ चलानी नं.: ६०१८४११८ LT. No.: 268184

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturings | 4 | 0 | स. काममा दक्ष | 1500 | ४२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २३ गते (8 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**All-Solution Employment Service Pvt. Ltd.**
Basubdhara-3, Kathmandu, Tel.: 01-5903078, 5903079, 9851071108
E-mail : info@allsolution.com.np, Web.: www.allsolution.com.np
श्रम ई. पत्र नं.: १४५४/०७४/०७५

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : CHINA GEZHOUBA GROUP COMPANY W.L.L शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७९/०४/१५ चलानी नं.: ६०१८४०४२ LT. No.:268070

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Supervisior | 1 | 0 | | 3000 | १,०३,११० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २३ गते (8 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SOLIDARITY OVERSEAS PVT.LTD**
Basundhara Chowk, Kathmandu, Nepal, Tel No.: +977-1-4357086, Fax No.: +977-1-4357086
Email: soverseas2074@gmail.com, info@solidarityoverseas.com
Website: www.solidarityoverseas.com
Gov. Lic. No 1186/073/074

**साउदीमा रोजगार** | कम्पनी :EXPERTISE COMPANY FOR CONSTRUCTION LTD. शहरः AL JUBAIL
पूर्व स्वीकृत मितिः २०७८/०९/२१ चलानी नं.: ६०१७२१०१ LT. No.: 255570 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Metal Scaffold Installation Labour | 5 | 0 | स. काममा दक्ष | 1200 | ४०,४१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २३ गते (8 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**WORLD NET RECRUITMENT CONSULTANTS (P) LTD.**
P.O Box No. 10666, Chandol-04, Kathmandu, Nepal, Tel.: 014529930/4537410
Fax: +977-1-4540978 , Email: worldnetrecruitment@gmail.com
Govt. Lic. No. 174/056/057

**JORDAN मा वैदेशिक रोजगारको अवसर**

कम्पनी :GIA APPARELS INDUSTRY शहरः JORDAN,AQABA
पूर्व स्वीकृत मितिः२०७९/०४/१४ चलानी नं.: ६०१८४०४० LT. No.:268356

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब JOD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 50 | 0 | स. काममा दक्ष | 220 | ३९,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | ३ वर्ष |

नोटः तलबः JOD २२० (JOD १२५ नगद + JOD ९५ बस्तुगत पारिश्रमिक)

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २३ गते

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले व्यहोर्ने | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SCC Manpower Company Pvt. Ltd.**
GPO Box 8975 EPC 5219, Maharajgunj, Kapan Marg, Kathmandu
Phone: 01 4545048, 4545148, Fax: 01-4420002, E-mail: info@sccmanpower.com
Govt. Lic. No. 487/061/062

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१६ साउन २०७९, सोमबार
1 August 2022, Monday

## सम्पादकीय

### प्रधानमन्त्रीले लिएको चुनौती

नेकपा माओवादी केन्द्रका नेता जनार्दन शर्मा पदबाट राजीनामा दिएको २५ दिनपछि फेरि अर्थमन्त्री नियुक्त भएका छन् । आइतबार प्रधानमन्त्री शेरबहादुर देउवाले शर्मालाई नै अर्थमन्त्री नियुक्त गरे । सोमबार नै शर्माले शपथ लिए र लगत्तै पदभार ग्रहण गरे । शर्मालाई बजेट निर्माणका क्रममा करको दर हेरफेर गर्न अनाधिकृत व्यक्ति संलग्न गराएको आरोप लागेको थियो । उक्त आरोपछि शर्माले पदबाट राजीनामा दिए भने छानबीन गर्न विशेष संसदीय समिति गठन भयो । समितिले आरोपमा जस्तो अनाधिकृत व्यक्तिको संलग्नता भएको कुनै तथ्य फेला नपरेको प्रतिवेदन बुझाएको थियो । विशेष समितिको प्रतिवेदन लगत्तै शर्मा फेरि अर्थमन्त्री नियुक्त भए ।

नेपाली कांग्रेसका सभापति रहेका प्रधानमन्त्री देउवा नेतृत्वको सरकारमा माओवादी केन्द्रले लिएको सवैभन्दा ठूलो मन्त्रालयमा शर्मा मन्त्री थिए । तर शर्माको राजीनामा पछि उक्त मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्री देउवा आफैले लिएका थिए । विशेष समितिको प्रतिवेदन लगत्तै शर्मालाई नै उक्त मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्री देउवाले दिएका छन् । समितिको प्रतिवेदन नै सर्वसहमत आउन सकेको थिएन । प्रमुख विपक्षी दल एमालेले छानबीन राम्रोसँग गर्न नसकिएको भन्दै फरक मत राखेको थियो । तर एमालेले पनि फरक मतमा भरपर्दो तर्क दिन नसकेपछि प्रधानमन्त्री देउवाले शर्मालाई अर्थमन्त्रालयको जिम्मेवारी दिएका छन् । शर्मालाई अर्थ मन्त्रालयमा फेरि नपठाउन दबाव भएपनि प्रधानमन्त्री देउवा र सत्ता गठबन्धनका दलहरूले त्यसको सुनुवाइ नै गरेन ।

बरू प्रधानमन्त्री र सत्तारूढ दलले चुनौती लिएर शर्मालाई नै अर्थमन्त्रालयको जिम्मेवारी दिएको छ । यसले आगामी दिनमा सहज हुने देखिदैन । किनकि एकपटक विवादमा आइसकेका व्यक्तिलाई नै फेरि अर्थमन्त्रालय जस्तो महत्वपूर्ण जिम्मेवारी दिनुले प्रधानमन्त्री देउवालाई नैतिक दबाव बढेको छ । जबकी सम्भावित आर्थिक संकट समाधान गर्न राष्ट्रिय सहमतिको खाँचो छ । विपक्षी दल मात्रै नभएर आम नागरिकको विश्वास सरकारले लिनुपर्नेछ । तर गभर्नर महाप्रसाद अधिकारीलाई निलम्बन गर्ने असफल प्रयत्न र करको दर हेरफेरमा अनाधिकृत व्यक्ति संलग्न गराएको जस्तो गम्भीर आरोप लागेको व्यक्तिलाई नै मुलुकको अर्थ व्यवस्था सुधारको जिम्मेवारी दिइएको छ । यसले आगामी दिन सरकार र गठबन्धनका लागि सहज हुने देखिदैन । तर असंभव भन्ने केही नहुने भएकाले प्रयत्न गर्ने ठाउँ चाहिँ भने बाँकी छ । त्यसका निम्ति आमुल सुधार गर्ने तत्परता सरकारले देखाउनुपर्छ ।

# समाजवादी मोर्चा निर्माणको अर्थ

*बन्ने भनिएको समाजवादी केन्द्र वा मोर्चाको राजनीतिक र वैचारिक आधार नै देखिन्न । खाली कम्युनिष्ट आन्दोलनबाट पलायन, प्रतिक्रियावादी शक्ति केन्द्रसँग आत्मसमर्पण र कांग्रेस-एमालेसँगको सत्ता बार्गेनिङ्ग नै यसको मूल ध्येय देखिन्छ ।*

अग्रलेख



● विनबहादुर कुँवर

वर्तमान राज्यसत्ताको मूल स्वरूप अहिले पनि सामन्ती, दलाल र नोकरशाही बुर्जुवा प्रकारकै छ । यही राज्य सत्ता सञ्चालनका लागि जिम्मेवार बोकेका वा यही राज्य सत्ताअन्तर्गतको सरकारमा आसिन केही कम्युनिष्ट भनौदा दलहरुले समाजवादी मोर्चा गठन र निर्माणका लागि दौडधुप गर्ने गरेका छन् । खासगरी नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' अनि एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र कम्युनिष्ट एकता अभियानका वामदेव गौतम साथै माओवादी केन्द्र परित्याग गरी छुट्टै गैर कम्युनिष्ट दल बनाउँदै मधेशवादी दलसँग एकता गर्दै आएका डा. बाबुराम भट्टराईसमेतले यस्तो समाजवादी केन्द्र बनाउने प्रयत्न गरिरहेका छन् । एकातिर सत्ताधारी मूल दल नेपाली कांग्रेस अनि प्रतिपक्षी दल नेकपा (एमाले) बीचमा कहिले एमाले पछि त कहिले कांग्रेसको पछि देखिने अवस्थामा आफ्नै एउटा स्वतन्त्र अस्तित्वको लागि यस्तो मोर्चा थालिएको हो भने यो केही सकारात्मक हुन सक्छ । तर, यो यसका लागि नभई यी दुई दल नेका र एमालेसितको सत्ता र नेतृत्वको बाँडफाँडका लागि अपनाइएको बार्गेनिङ्ग हतकण्डा मात्र भएको देखिन्छ । किनभने पटक-पटक माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड अनि माधव र बाबुराम भट्टराईले आगामी संघीय र प्रान्तीय निर्वाचनसम्म यो पाँच दलीय गठबन्धन यथावत रहने भन्दै आइरहेका छन् । कांग्रेसले त यो गठबन्धनलाई यथावत राख्ने निर्णय आफ्नो दलको केन्द्रीय समितिबाट नै गरिसकेको छ । आखिर आ-आफ्ना कम्युनिष्ट पार्टी हुँदाहुँदै कम्युनिष्ट पार्टीको एकीकरणतिर नलागेर यस प्रकारको समाजवादी केन्द्र वा मोर्चा निर्माणतिर दौडधुप गर्नुका पछाडि कुन नियत र उद्देश्य के हो ? नेपाली राजनीतिमा चर्चा र बहस गर्नुपर्ने विषय बनेको छ ।




समाजवाद भनिरहँदा कस्तो समाजवाद भन्ने प्रश्न उठिहाल्छ । प्रयोग आएका समाजवाद दुई प्रकारका मात्र छन् । एउटा काल्पनिक समाजवाद र अर्को वैज्ञानिक समाजवाद । १६औं, १७औं अनि १८ औं शताब्दीतिर तत्कालीन केही समाजशास्त्री बुद्धिजीवीहरुले यो सामन्ती र बुर्जुवा पूँजीवादको विकल्पमा समाजवादका कुरालाई अघि सारे । तर, यो समाज विकासको वैज्ञानिक नियममा आधारित थिएन । खाली केही व्यक्तिको लहड र भावनामा मात्र आधारित थियो । यिनीहरुलाई न मानवीय समाजको उत्पत्ति र विकासकै ज्ञान थियो न त अध्ययन । त्यसैले यो खाली उनीहरुको कल्पनामा मात्र आधारित थियो । त्यसैले यसलाई काल्पनिक समाजवाद भनेर बुझिन्छ । तर पछि सन् १८४८ मा कालमार्क्स र एंगेल्सले मानवीय समाजको वैज्ञानिक खोज र अनुसन्धानबाट समाजको विकास पहिले आदिम साम्यवाद (जंगली अवस्थाको) त्यसपछि दास युग अनि सामन्तीबाट पूँजीवादी युग हुँदै समाजवादी र अन्त्यमा साम्यवादी युग हुने बताए । जसलाई मार्क्स-एंगेल्सद्वारा रचित कम्युनिष्ट पार्टीको घोषणा पत्रमा उल्लेख छ । यो नै मार्क्सको द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी दर्शनको आधार हो । यही मार्क्सको सामाजिक, आर्थिक, राजनीतिक र वैचारिक दर्शनलाई (मार्क्सवाद) भनिन्छ । मार्क्सवादी समाज विकासको यो अवधारणालाई सर्वप्रथम फ्रान्सको पेरिसका सर्वहारा, मजदुरहरुले लागू गरी देखाए । त्यहाँका तत्कालीन पूँजीवादी-बुर्जुवा शासकहरुलाई त्यहाँको सर्वहारा, मजदुरहरुले विद्रोह गरी हटाए र समाजवादी नीति र कार्यक्रम लागू गरे । तर त्यो धेरै दिन टिक्न सकेन खाली ७२ दिन मात्र रह्यो । त्यसपछि लेनिन र स्टालिनको नेतृत्वमा सन् १९१७ को रुसी अक्टुबर क्रान्तिले सोभियत रुसमा समाजवादी राज्य सत्ता कायम भयो । त्यसपछि क्रमशः विश्वका अरु देशहरुमा पनि यस प्रकारको वैज्ञानिक समाजवाद स्थापना हुँदै आयो । दोस्रो विश्व युद्ध पछि त चीनलगायत विश्वमा थुप्रै देशहरुमा समाजवादी क्रान्ति सम्पन्न भयो । यति सम्म कि विश्व जनसंख्याको एक तिहाई र विश्व भूगोलको छ भागको एक भागमा समाजवादी राज्य व्यवस्थाको हालिमुहाली भयो । त्यसबाट आतंकित पूँजीवादी बुर्जुवाहरुले यसका विरुद्ध फलामले फलामलाई काटे जस्तै यस प्रकारको वैज्ञानिक समाजवादविरुद्ध नक्कली समाजवादलाई प्रचारमा ल्याए । त्यसपछि धमाधम विश्वका प्रायः सबै सामन्ती, दलाल र नोकरशाही बुर्जुवा पार्टीहरुले समेत यस्तै समाजवादको वकालत गर्दै आइरहेका छन् ।

> अहिले देखिएको समाजवादको वकालत कम्युनिष्ट पार्टी र त्यसको मूल सिद्धान्त मालेमावादप्रतिको विस्तृष्णाकै उपज हो । विस्तारै कम्युनिष्ट पार्टीको नामको सट्टामा 'समाजवादी' भन्दै सामन्ती दलाल पूँजीवादी पार्टीमा रूपान्तरण हुने योजना हो ।

जर्मनीको नाजी हिटलरले समेत यस्तै समाजवादको नाममा वर्षौंसम्म फाँसीवादी शासन सत्ता चलायो । स्वयम् हाम्रै देशका शाब्दिकरूपमा समाजवाद नै नभने पनि 'शोषण रहित समाजको सिर्जना' को नाममा पञ्चायती निरंकुश शाही शासकहरुले वर्षौंसम्म शासन गरिरहे । यस्तै, नेपाली कांग्रेससमेत त्यस्तै समाजवादको नारा अगाडि सार्‍यो । आज विश्वमा सच्चा कम्युनिष्ट शासन सत्ता नरहेको अवस्थामा हिजो समाजवादी भन्दै आएका सामन्ती, दलाल तथा नोकरशाही बुर्जुवा राजनीतिक दलहरुले आज यसलाई त्यति महत्व दिन छोडेका छन् । निजीकरण र उदारीकरणकै बढी अनुशरण गर्दै आइरहेका छन् । तर हिजो आफूलाई एउटा सच्चा र खाटी मार्क्सवादी-लेनिनवादी मात्रै होइन माओवादी वकालत गर्दै हिँड्न थालेका पार्टीहरुले समेत त्यस्तै समाजवादको वकालत गर्न थालेका छन् । अहिले देखिएको समाजवादको वकालत कम्युनिष्ट पार्टी र त्यसको मूल सिद्धान्त मालेमावादप्रतिको विस्तृष्णाकै उपज हो । विस्तारै कम्युनिष्ट पार्टीको नामको सट्टामा 'समाजवादी' भन्दै सामन्ती दलाल पूँजीवादी पार्टीमा रूपान्तरण हुने योजना हो । यो विस्तारै बाबुराम-उपेन्द्र पथमा जाने तयारी हो ।

हुनतः अहिले कम्युनिष्ट भने पनि सामन्ती र दलाल बुर्जुवा पार्टी नेका कै नेतृत्वमा यही सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राज्य सत्ताअन्तर्गतको पाँच दलीय गठबन्धन सरकारमा समावेश हुँदै आइरहेका छन् । स्वयम् कांग्रेस पार्टीले पनि समाजवादी भन्ने गरेकाले खासमा अब यी कम्युनिष्ट भनौदा दल र कांग्रेसबीच यस्तो कुनै तात्विक फरक छैन ।

समाजवाद भनेको नीति सम्पत्ति र स्वामित्वको उन्मूलन हो । तेरो र मेरो केही नभनी हाम्रो सामूहिकता भन्ने हो । योग्यताअनुसारको काम र कामअनुसारको दाम नै वैज्ञानिक समाजवादको राजनीतिक र आर्थिक आधार हो । समाजवाद सर्वहारा वर्गको अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्ति जारी राख्दै साम्यवादमा पुग्ने पहिलो खुड्किलो हो । तर आज यही सामन्ती, दलाल र नोकरशाही, बुर्जुवा राज्य सत्तामा चुलुम्म डुबिसकेका केही कम्युनिष्ट नामधारी भने कोही कम्युनिष्ट वाम आन्दोलनबाट पलायन भगौडाहरुले भन्ने गरेको यो समाजवादी केन्द्र वा मोर्चाको खास वैचारिक सिद्धान्त तथा राजनीतिक र आर्थिक अवधारणा के हो ? यो न काल्पनिक समाजवादसँग मेल खान्छ न वैज्ञानिक समाजवादसँग । काल्पनिक समाजवादीहरुले त साँच्चै नै इमानदारिताका साथ यस्तो अवधारणा अघि सारेका थिए । तर, त्यो खाली कल्पनामा मात्र आधारित थियो । त्यही भएर त्यो सफल हुन सकेन । मार्क्स-एंगेल्सले यसलाई पनि वैज्ञानिक समाजवादको एउटा स्रोत मानेका छन् । त्यसैले अब बन्ने भनिएको समाजवादी केन्द्र वा मोर्चाको राजनीतिक र वैचारिक आधार नै देखिन्न । खाली क्रान्तिकारी कम्युनिष्ट आन्दोलनबाट पलायन, देशी तथा विदेशी प्रतिक्रियावादी शक्ति केन्द्रसँग आत्मसमर्पण र कांग्रेस-एमालेसँगको सत्ता बार्गेनिङ्ग नै यसको मूल ध्येय देखिन्छ ।

सत्तामा काग्रेस-एमालेसँग टासिई बस्दा कम्युनिष्ट अझ माओवादी कम्युनिष्टको पुरानो गन्ध बेला मौकामा आउने गरेकाले त्यसलाई शक्ति केन्द्रले नरुचाएको स्थितिमा कम्युनिष्टको सट्टामा समाजवादी मोर्चा नामाकरण गरी सत्तामा टाँसिरहने खास नियत यसमा छ । त्यही भएर यसलाई कांग्रेसले स्वागत गरिसकेको छ । अब विस्तारै बाह्य शक्तिले पनि स्वागत गर्ने छन् । सम्भवत हालै प्रचण्डको भारत भ्रमणको उपज पनि यो हुन सक्छ । किनभने भारत भ्रमणपछि नै प्रचण्डको मूल अर्जुन दृष्टि नै यसैमा देखिन्छ ।


आज देशी तथा विदेशी प्रतिक्रियावादी तत्वहरुले समाजवादी केन्द्र बनाउने योजनालाई समर्थन र स्वागत गरिरहेका छन् । यो स्वभाविक छ । मूल कम्युनिष्ट नीति, सिद्धान्त र विचारबाट पलायन भई यस्ता मोर्चामा समेटिएपछि कांग्रेस-एमाले र यी दलहरुमा खासै कुनै अन्तर देखिएन । कांग्रेस र एमालेकै पथमा यी पनि हिंड्न थालेका छन् । अझ भन्नुपर्दा भाइ कांग्रेस र भाइ एमालेकै हाराहारीमा यिनीहरु पुगिसकेका छन् । एमसीसी अनि नागरिकता विधेयकमा भएको यिनीहरुको एकताले पनि यही पुष्टि गर्छ । यी गतिविधिले अहिलेसम्म ओढ्दै आएको कम्युनिष्ट खोल अब च्यातिन थालेको छ । असली र नक्कली अनुहार छर्लङ्ग हुने अवस्था बन्दैछ । वास्तविक यिनीहरु के रहेछन् ? छर्लङ्ग हुँदैछ । त्यसैले अबको विकल्प सच्चा क्रान्तिकारी वाम कम्युनिष्ट मोर्चाको निर्माण अनिवार्य छ ।

## सामाजिक सञ्जाल



- विनोद न्यौपाने

अहिले समाजवाद (प्लेस, स्पेस र समय) लिँदा मृत शरीर बनेको छ । बजार केन्द्रीत राजनीतिक अबस्थामा जुरूक्क उठ्ने वाला छैन । संसदीय व्यवस्थामा मुलुकको आर्थिक बजेट नै तलमाथि हुँदा शक्तिशाली संसदीय समितिले दुई बिचौलिया बोलाएर बयान लिने सामर्थ्य राखेन ! बौरिएर जुरुक्क उठ्ला त समाजवाद ?



- प्रकाश चाम्लिङ राई

मलाई लाग्छ मानिसको जीवनमा सफलताको अर्थ पद होइन, प्राप्त पदलाई उसले कसरी सदुपयोग गर्‍यो र कतिको जीवनमा सकारात्मक परिवर्तन ल्याउन मद्दत गर्‍यो भन्ने हो । अरूको जीवनमा खुशी ल्याउन सक्नु सफलता हो, तर हामीकहाँ चाहिँ पदमा पुग्नासाथ सफलता प्राप्त गरेको ठान्ने चलन छ, जुन सही होइन ।



- असिम न्यौपाने

सर्वोच्चको प्रधानन्याधिशले अर्बौ उठाए भनियो । सबै चुप । जनार्दन शर्माले के गरे ? सबैलाई थाहा छ । मन्त्रिपरिषदका कुनै सदस्यले सम्पत्ति विवरण बुझाउँदैनन् । धन्न रवीन्द्र मिश्र छन् र दलका कार्यकर्ताहरूले आलोचना गर्ने विषय पाएका छन् ।



- बद्री खनाल

प्रचण्डकै मान्छे भए पनि प्रश्न उठ्यो, छानबिन त भयो, राजीनामा पनि दिनु पर्‍यो । तर संसदीय समितिबाट कारबाहीको सिफारिस नै गरिएका वाइडबडीमा किटीएकै तत्कालीन मन्त्री, खोप खरिदमा मुछिएक, ७० करोडको डिस हान्ने मन्त्री, बालुवाटारको जग्गा फिर्ता गर्ने खामरेड, आदिलाई न छानबिन नै भयो न कारबाही । किन ? कस्का मान्छे भएर ?



- सुधिर शर्मा

ती निमित्त पात्रलाई मात्र गाली गरिरहनुको अब अर्थ रहेन, उनले त बरू सार्वजनिक दवाव थेग्न नसकेपछि कूर्सी छाडेर निस्केका थिए । आज तिनैलाई गद्दीरोहण गराएर देउवा र प्रचण्डले चुनावको मुखमा भयानक राजनीतिक गल्ती गरेका छन् । यो 'वित्तिय गठबन्धन'को जनताले पक्कै हिसाब-किताब राख्नेछन् ।

# वैदेशिक रोजगार : चुनौती र सम्भावना

विचार



● रामहरि सिंखडा

वैदेशिक रोजगार हामी नेपालीहरूको लागि आधारभूत आवश्यकता बनेको छ । वि.सं. २०२८ मा बाह्य / आन्तरिक श्रम सम्बन्धी कामको लागि श्रम विभाग गठन र २०३८ सालमा श्रम मन्त्रालयको स्थापना भएपश्चात नेपालबाट वैदेशिक रोजगारमा कामदारहरू जान थालेको पाइन्छ । वि.सं. २०४२ सालमा वैदेशिक रोजगार ऐन जारीसँगै नेपालबाट विधिवतरूपमा मलेसिया र खाडीका अन्य मुलुकहरू लगायत विभिन्न देशहरूमा समेत नेपालीहरू जाने क्रम बढेको देखिन्छ । वि.सं. २०४६ सालको परिवर्तनकारी जनआन्दोलनपश्चात भने आम नेपालीहरूमा आफ्नै देश नेपालमा केही गर्न सकिन्छ भन्ने आशाका किरणहरू देखा परेता पनि अदूरदर्शी नेता र केही व्यक्तिहरूको हठका कारण २०५२ सालमा तमाम नेपाली जनताहरूको मुक्तिका लागि भन्दै तत्कालिन नेकपा (माओवादी)ले सरकारको सामु ४० सुत्रीय माग राखी माग पूरा नभए पश्चात शुरु गरेको सशस्त्र द्वन्द्वको कारण धेरै भन्दा धेरै नेपालीहरू विदेशिएको पाइन्छ ।

वैदेशिक रोजगार आम नेपालीहरूको लागि एक अवसर पनि हो । नेपालीले विश्वका विभिन्न देशमा कामका अवसरहरू पाइरहेका छन् । यदी उक्त सीपलाई आफ्नै देशमा सदुपयोग गर्ने हो भने त्यसबाट एक त मानिसको आर्थिक अवस्थामा सुधार आउँछ भने अर्को तर्फ थोरै भए पनि स्वदेशमै रोजगारीको सृजनासमेत हुन्छ । वैदेशिक रोजगारकै कारण थोरै भएपनि दूरदराजका बालबालिकाले आफ्नो अभिभावकले वैदेशिक रोजगारीमा आर्जन गरेको पैसाको कारण शहर बजारमा बसी राम्रो शिक्षाको समेत अवसर प्राप्त गरेको पाइन्छ । वैदेशिक रोजगारीले हाम्रो समाजमा अवसर मात्र प्राप्त भएको छैन कि यसले चुनौतीका पहाडसमेत थपेको पाइन्छ । हाम्रो जस्तो विकासउन्मुख देशका शिक्षित भनिएका युवा जमात राम्रो अवसरको खोजिमा युरोप र अमेरिकालगायत देशमा जाने तर, नर्फकने कारण यसले अझै विकराल समस्या देखापरी हाम्रो देश विकसित राष्ट्रको दाजोमा पुग्न ठुलो चुनौतीको रूपमा देखा परेको छ ।

> वैदेशिक रोजगार आम नेपालीहरुको लागि एक अवसर पनि हो । नेपालीले विश्वका विभिन्न देशमा कामका अवसरहरू पाइरहेका छन् । यदी उक्त सीपलाई आफ्नै देशमा सदुपयोग गर्ने हो भने त्यसबाट एक त मानिसको आर्थिक अवस्थामा सुधार आउँछ भने अर्को तर्फ थोरै भए पनि स्वदेशमै रोजगारीको सृजनासमेत हुन्छ ।

साथै, हाम्रो देश एक कृषि प्रधान देश हो । यहाँको मूख्य पेशा व्यवसाय भनेको कृषि नै भएको कारण देशको ठूलो युवा जमात देश छाडि वैदेशिक रोजगारीको लागि विदेश पलाएन भएको कारण देशका अधिकांश भू-भाग बाझो रहन गई देशमा खाद्य संकटसमेत सिर्जना हुनेछ । साथै ठुलो धनराशि खर्च गरी आफ्नै देशमा उत्पादन हुने अन्न बालि समेत दोस्रो मुलुकबाट आयात गर्नुपर्ने र देशको ठूलो धन राशि बाहिर जाने हुँदा आर्थिक संकटसमेत सिर्जना हुन्छ ।

राज्यको उच्च ओहोदामा रहेका व्यक्तिहरूको अदूरदर्शी निर्णयको कारण वि.सं. २०७२ सालदेखि तत्तकालिन श्रम मन्त्रिको लहडको भरमा विना अध्ययन छिमेकी देशको समेत व्यवस्थालाई थोरै पनि नजर अन्दाज नगरी लादिएको फ्रि भिसा, फ्रि टिकेटको व्यवस्थाले एकातिर राज्यलाई ठूलो मात्रामा राजस्व घाटा लागिरहेको छ भने व्यवसायीलाई आफ्नो व्यवसायलाई निरन्तरता दिन नसकि यो पेशाबाट नै पलायन हुनुपर्ने अवस्था देखा परेको छ । नीति नियममा फ्रि भिसा र फ्रि टिकट भनिएता पनि व्यवहारमा यो लागु हुनै नसक्ने अवस्था देखा परेको छ । सरकारले बेलैमा विचार नगरे अवस्था अझ बिकराल बन्ने निश्चित छ ।

यति धेरै चुनौतीका पहाड हुँदा हुदै पनि यसको राम्रो समायोजन गर्न सके हाम्रो देश नेपाललाई एक विकसित देशको दाजोमा पुर्‍याउन सकिन्छ । विकसित भनिएका देशहरू जापान, अमेरिका, अस्ट्रेलिया, कोरिया, इजरायललगायत अन्य देशबाट सिकेर आएको सीपलाई थोरै लगानीबाट भएपनि केही व्यापार व्यवसाय गर्ने हो भने हाम्रो देश नेपाललाई पनि विकसित देशको दाजोमा पुर्‍याउन सकिन्छ । विकसित देशबाट सिकेका कृषिजन्य उद्योगको लागि सिचाई, आधुनिक कृषि प्रणाली, अवलम्बन गर्दै हाम्रोजस्तो भूपरिवेष्ठित देशलाई सुहाउदो विकासको मोडललाई पहिचान गरी विदेशमा सिकेको सिपलाई स्वदेशमै प्रयोग गरी लाखौ विदेसिएका जवान युवा युवतीहरू स्वदेश फिर्ती भई केही गरौ भन्ने सोचका साथ लाग्ने हो भने पक्कै पनि हाम्रो देश नेपालमा पनि विकासको लहर आउने छ । यही अपार सम्भावनाहरूलाई मध्यनजर गर्दै यही प्रकारको सम्भावनाको खौजी गर्दै सरकारले पनि त्यही अनुरूपको नीति तथा कार्यक्रम ल्याई युवाहरूलाई विदेश जान प्रोत्साहन गर्नुभन्दा पनि स्वदेशमै रोजगारीको सिर्जना गरी विभिन्न प्रकारका कार्यक्रमहरू ल्याउनु पर्ने आवश्यकता देखिन्छ ।

दार्चुला डायरी

दिपक बाबू साउँद/मध्यान्ह

# वर्ष दिन वित्दा पनि भेटिएनन् धामी




महाकाली नदीमा जय सिंह धामी बेपत्ता भएको आइतबार एक वर्ष पूरा भएको छ। भारतीय सुरक्षाकर्मीले तुइनको डोरी काटिदिँदा महाकाली नदीमा खसेर साउन १५ गते बेपत्ता भएका थिए ।

दार्चुलाको व्यास गाउँपालिका वडा नम्बर २ माल घर भएका ३३ वर्षीय धामी काठमाडौंका लागि हिँडेका धामी मालघाट तुइनबाट महाकाली नदी तरेर भारतको गस्कु जाने क्रममा नदीमा खसेका थिए ।

घटना भएको केही दिनपछि गृहमन्त्रालयद्वारा सहसचिव जनार्दन गौतम नेतृत्वमा गठिन छानबिन समितिले एसएसबीका सुरक्षाकर्मीले लट्ठा खुस्काइदिएपछि तुइनबाट खसेर धामी बेपत्ता भएको निष्कर्षसहितको प्रतिवेदन बुझाएको थियो । नदीमा खसेर बेपत्ता भएका धामीको अवस्था १ वर्ष वितिसक्दा पनि अझै अज्ञात छ । धामी बेपत्तालगत्तै जिल्ला प्रशासन कार्यालय दार्चुलाले तुइन काट्ने व्यक्ति पहिचान र कारबाहीका लागि पिथौरागढस्थित जिल्लाधिकारी (डिस्ट्रिक मेजिस्ट्रेट) लाई पत्र लेखेको थियो ।

जवाफमा भारतीय प्रशासनले घटनामा आफ्नो पक्षको संलग्नता नरहेको बताएको थियो। त्यसयता भारतले यस विषयमा अहिलेसम्म कुनै पनि प्रतिक्रिया जनाएको छैन ।

# कर्मचारी भर्नामा शिक्षा शाखाको हस्तक्षेप



मालिकार्जुन गाउँपालिका- २ मा रहेको रानीस्थान आधार भूत विद्यालयमा मनोमानी ढंगले कार्यालय सहयोगी भर्ना गर्ने विषयमा विद्यालयले आपत्ति जनाएको छ । मालिकार्जुन गाउँपालिका शिक्षा शाखाले आफू खुसी कार्यालय सहयोगी भर्ना गर्न लागेको भन्दै विद्यालयले आपत्ति जनाएको हो ।

प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको निर्णयले हुने काम शिक्षा शाखा प्रमुख लोकेन्द्र सिंह धामीले गर्न लागेको विद्यालयका प्रधानाध्यापक कल्यान सिंह धामीले मध्यान्हलाई बताए।

'एक्लै शिक्षा शाखाको निर्णयले विद्यालयमा कर्मचारी भर्ना गर्ने हो भने विद्यालय व्यवस्थापन समितिको के काम ? यसको अर्थ विद्यालय व्यवस्थापन समितिलाई नटेरेको हुन्छ, यो घटना सामान्य होइन,' प्रधानाध्यापक धामीले भने ।

कार्यालय सहयोगी पदका लागि जम्मा ६ जनाको उम्मेदवारी परेको विद्यालयले जनाएको छ । उमेदवारहरुको हस्ताक्षरसहित जस्ताका त्यस्तै शिक्षा शाखामा लिई सो प्रक्रिया अगाडि बढाउन विद्यालयको पहिलो बैठमै विषय विशेषज्ञ छनोट गर्ने विद्यालय व्यवस्थापन समितिको अधिकार शिक्षा शाखा प्रमुखबाट हनन् भएको विद्यालयको भनाइ छ । उता शिक्षा शाखा प्रमुखलाई बुझ्दा परीक्षा लिएर मात्र कार्यालय सहयोगी छनोट गर्ने भने पछि विद्यालयका प्रधानाध्यापकले बिना परीक्षा भर्ना गर्नु पर्ने धम्की समेत दिएको शिक्षा शाखा प्रमुख लोकेन्द्र सिंह धामीको भनाइ छ । उनले भने, 'विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षले आफ्नो मनोमानी ढंगले कार्यालय सहयोगी भर्ना गर्नुपर्ने दबाब दिइरहेका छन् ।'


## बोनस दर सम्बन्धि सूचना

